स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास सम्बन्धी कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, शहरी विकास मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोजना" भन्नाले स्थानीय तहको प्रशासकीय भवन निर्माण सम्बन्धी आयोजना सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सम्झनु पर्छ।

(ग) "कार्यक्रम समन्वय एकाइ" भन्नाले दफा १० बमोजिमको कार्यक्रम समन्वय एकाइ सम्झनु पर्छ।

(घ) "निर्देशक समिति" भन्नाले दफा ९ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(ङ) "प्रशासकीय भवन" भन्नाले स्थानीय तहबाट सेवा प्रदान गर्न प्रयोग हुने मुख्य प्रशासकीय भवन सम्झनु पर्छ र सो शब्दले प्रशासकीय भवनसङ्गै रहने सभाकक्ष, शौचालय, प्रतिक्षालय, आपत्कालीन कार्य सञ्चालन केन्द्र, ग्यारेज र कम्पाउन्ड वाल समेतलाई जनाउँछ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शहरी विकास मन्त्रालय सम्झनु पर्छ।

(छ) "विभाग" भन्नाले स्थानीय पूर्वाधार विकास विभाग सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका र उपमहानगरपालिका सम्झनु पर्छ।

परिच्छेद -२

आयोजना माग, प्राथमिकीकरण र छनौट

३. आयोजना माग : (१) स्थानीय तहले प्रशासकीय भवन निर्माणको लागि अनुसूची-१ बमोजिमको ढाँचामा आयोजना माग फाराम भरी कार्यक्रम समन्वय एकाइमा पेश गर्नुका साथै कार्यक्रमको इमेल ठेगाना doli.laidp@gmail.com मा समेत पठाउनु पर्नेछ।

महानिर्देशक

(२) कार्यक्रम अन्तर्गत स्वीकृत भई निर्माणाधीन रहेका आयोजनाको हकमा उपदफा (१) बमोजिम पुन: माग फाराम पेश गर्नु पर्ने छैन।

तर थप रकम मागको लागि आयोजनाको भौतिक तथा वित्तीय प्रगति कार्यक्रमको इमेल ठेगाना doli.laidp@gmail.com मा पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम आयोजना माग गर्दा देहाय बमोजिमका कागजात संलग्न गर्नु पर्नेछ:-

(क) आयोजनाको कूल लागत अनुमानको गाउँपालिकाले कम्तीमा चालीस प्रतिशत, नगरपालिकाले कम्तीमा पचास प्रतिशत र उपमहानगरपालिकाले कम्तीमा साठी प्रतिशत रकम लागत सहभागिता गर्ने कार्यपालिकाको निर्णय,

(ख) दफा ५ बमोजिम आयोजना निर्माण हुने जग्गाको स्वामित्व वा भोगाधिकार,

(ग) विस्तृत आयोजना प्रतिवेदन।

४. <u>आयोजनाको प्राथमिकीकरण र छनौट</u>: (१) कार्यक्रम समन्वय एकाइले देहायका आधारमा स्थानीय तहबाट माग भएका आयोजना प्राथमिकीकरण गरी छनौटका लागि निर्देशक समिति समक्ष पेश गर्नेछ:-

(क) प्रशासकीय काम सम्पादन गर्न भाडामा समेत उपयुक्त भवन उपलब्ध हुन नसक्ने अवस्था रहेका स्थानीय तह,

(ख) आफ्नो प्रशासकीय भवन नभएका स्थानीय तह,

(ग) कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने न्यूनतम पूर्वाधार समेत नभएका स्थानीय तह,

(घ) प्रस्ताव पेश गरेका स्थानीय तहहरुमध्ये तुलनात्मक रुपमा न्यून आन्तरिक आय भएका स्थानीय तह।

(२) उपदफा (१) बमोजिम आयोजना प्राथमिकीकरण गर्दा सडक यातायातको पहुँच, विपद् जोखिमको अवस्था र प्रादेशिक सन्तुलन समेतलाई आधार लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्राथमिकीकरण गरी पेश भएको आयोजना निर्देशक समितिले छनौट गरी स्वीकृत गर्नेछ।

५. <u>जग्गाको मापदण्ड</u>: (१) स्थानीय तहले प्रशासकीय भवन निर्माणका लागि अनुसूची-२ बमोजिम न्यूनतम जग्गाको व्यवस्था गर्नु पर्नेछ।

तर हिमाली तथा उच्च पहाडी क्षेत्रमा प्रशासकीय भवनको डिजाइन अनुसार भवन निर्माण गर्न पुग्ने मात्र जग्गा उपलब्ध भएको अवस्थामा त्यस्तो आयोजना स्वीकृत गर्न यस उपदफामा उल्लिखित व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन।

(२) उपदफा (१) बमोजिम जग्गाको व्यवस्था गर्दा सम्भव भएसम्म अन्य भौतिक पूर्वाधार समेत निर्माण गर्न मिल्ने स्थान छनौट गर्नु पर्नेछ।

महानिर्देशक

परिच्छेद-३

कार्यक्रम कार्यान्वयन विधि

६. <u>विस्तृत आयोजना प्रतिवेदन</u>: (१) यस कार्यविधि बमोजिम निर्माण गरिने आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गर्दा सम्बन्धित स्थानीय तहको जनसङ्ख्या, निर्वाचित जनप्रतिनिधिको सङ्ख्या, भौगोलिक अवस्थिति, प्रवाह गरिने सेवा, कर्मचारीको सङ्ख्या र देहायका प्राविधिक विषयहरुका आधारमा गर्नु पर्नेः-

(क) आयोजना स्थलको माटो परीक्षण प्रतिवेदन,

(ख) नेपाल राष्ट्रिय भवन संहिता (एन.एन.बि.सी. 206: 2015) को पूर्ण पालना,

(ग) सम्बन्धित स्थानीय तहको भवन निर्माण मापदण्ड,

(घ) मन्त्रालयबाट जारी भएको पदाधिकारी तथा कर्मचारीहरुको कार्यकक्ष सम्बन्धी मापदण्ड,

(ङ) मन्त्रालयबाट जारी भएको सार्वजनिक भवनहरुमा प्रयोग हुने रङ्ग सम्बन्धी निर्देशिका, २०६९।

(२) उपदफा (१) बमोजिम विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने क्रममा अनुसूची-१ मा उल्लिखित नमुना डिजाइनमा स्थानीय कला, संस्कृति र पहिचान झल्कने गरी नक्सा डिजाइन तयार गर्न चाहेमा परिमार्जन गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम विस्तृत आयोजना प्रतिवेदन तयार गर्न स्थानीय तहले आवश्यकता अनुसार परामर्श सेवा लिन सक्नेछ।

(४) यो कार्यविधि लागू हुनुपूर्व स्थानीय तहबाट विस्तृत आयोजना प्रतिवेदन तयार भएको तर सो बमोजिम निर्माण कार्य प्रारम्भ नभएको अवस्थामा स्थानीय तहले उक्त आयोजना प्रतिवेदन अध्यावधिक गर्नु पर्नेछ।

(५) स्थानीय तहले विस्तृत आयोजना प्रतिवेदन तयार गर्दा कार्यक्रम समन्वय एकाइसङ्ग आवश्यक परामर्श लिन सक्नेछ।

(६) विस्तृत आयोजना प्रतिवेदन तयार गर्न स्थानीय तहले अनुरोध गरेमा विभागले विस्तृत आयोजना प्रतिवेदन तयार गरिदिन सक्नेछ।

(७) उपदफा (१) वा उपदफा (४) बमोजिम तयार भएको विस्तृत आयोजना प्रतिवेदन स्वीकृती गर्नु पूर्व स्थानीय तहले विभागमा प्रस्तुतीकरण गर्नु पर्नेछ।

७. <u>खरिद व्यवस्थापन तथा कार्यान्वयन विधि</u>: (१) आयोजना कार्यान्वयनका लागि आवश्यक खरिद व्यवस्थापन सम्बन्धित स्थानीय तहले गर्नेछ।

(२) आयोजनाको निर्माण, अनुगमन, सुपरीवेक्षण, गुणस्तर नियन्त्रण, नापी प्रमाणित गर्ने लगायतको कार्य सम्बन्धित स्थानीय तहले गर्नेछ।

नरेशचन्द्र न्यौपाने
महानिर्देशक

(३) निर्माण कार्यको नियमित सुपरीवेक्षणका लागि स्थानीय तहले प्राविधिक कर्मचारीको व्यवस्था गर्नु पर्नेछ। प्राविधिक कर्मचारीको अभाव भएमा कन्टिन्जेन्सीको रकमबाट खर्च व्यहोर्ने गरी प्रचलित कानून बमोजिम परामर्श सेवा लिन सकिनेछ।

तर कन्टिन्जेन्सी वापतको रकम स्थानीय तहले आफ्नो स्रोतबाट व्यहोर्नु पर्नेछ।

(४) आयोजना कार्यान्वयनको क्रममा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम भेरिएशन स्वीकृत गरेको वा मूल्य समायोजनको कारणबाट हुने लागत वृद्धिको दायित्व सम्बन्धित स्थानीय तहले व्यहोर्नु पर्नेछ।

(५) स्थानीय तहले आयोजना खरिद व्यवस्थापन र निर्माणको लागि विभागमा अनुरोध गरेमा विभागले द्विपक्षीय समझदारी गरी कार्यान्वयन गर्न सक्नेछ।

(६) खरिद व्यवस्थापन सम्बन्धी अन्य कार्य प्रचलित कानून बमोजिम हुनेछ।

८. अनुगमन तथा सुपरीवेक्षण: (१) आयोजना कार्यान्वयन गर्ने निकायले भवन निर्माण कार्यको स्वीकृत डिजाइन, स्पेसिफिकेशन र गुणस्तर बमोजिम भए वा नभएको यकिन गरी छिटो छरितो रुपमा सम्पन्न गर्न नियमित सुपरीवेक्षण गर्नु पर्नेछ।

(२) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको मन्त्रालय तथा विभागबाट आवश्यकता अनुसार अनुगमन गरिनेछ।

(३) उपदफा (२) बमोजिम अनुगमनबाट प्राप्त प्रतिवेदनको आधारमा भवन निर्माण सम्बन्धमा मन्त्रालय वा विभागले आवश्यक निर्देशन दिन सक्नेछ।

(४) मन्त्रालय वा विभागले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ।

परिच्छेद -४

संस्थागत व्यवस्था

९. निर्देशक समिति: (१) आयोजनाको स्वीकृति, अनुगमन, समन्वय र नीतिगत मार्गदर्शनको लागि देहाय बमोजिमको निर्देशक समिति रहनेछ:-

(क)	सचिव, मन्त्रालय	-संयोजक
(ख)	सहसचिव, मन्त्रालय	-सदस्य
(ग)	महानिर्देशक, विभाग	-सदस्य
(घ)	उपसचिव, अर्थ मन्त्रालय	-सदस्य
(ङ)	उपसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	-सदस्य
(च)	उपसचिव, राष्ट्रिय योजना आयोग	-सदस्य
(छ)	सिडिइ, शहरी विकास तथा भवन निर्माण विभाग	-सदस्य
(ज)	सिडिइ, कार्यक्रम समन्वय एकाइ, विभाग	-सदस्य सचिव

(२) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

महानिर्देशक

(३) बैठक सम्बन्धी अन्य कार्यविधि निर्देशक समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(४) कार्यक्रम समन्वय एकाइले निर्देशक समितिको सचिवालयको रुपमा कार्य गर्नेछ।

१०. <u>कार्यक्रम समन्वय एकाइ</u>: (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनको लागि विभागमा अनुसूची-३ बमोजिमको कार्यक्रम समन्वय एकाइ रहनेछ।

(२) कार्यक्रम समन्वय एकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) आयोजनाको माग सङ्कलन र प्राथमिकीकरण गर्ने,

(ख) कार्यक्रमका लागि आवश्यक पर्ने स्रोतको अनुमान गर्ने,

(ग) आयोजना छनौटका लागि निर्देशक समिति समक्ष सिफारिस गर्ने,

(घ) निर्माण कार्यको लागि स्थानीय तहबाट प्राविधिक सहयोग माग भएमा उपलब्ध गराउने,

(ङ) आयोजनाको अनुगमन तथा सुपरिवेक्षण गर्ने,

(च) प्रगति प्रतिवेदन तयार गरी निर्देशक समिति समक्ष पेश गर्ने,

(छ) दफा ६ को उपदफा (६) तथा दफा ७ को उपदफा (५) बमोजिमको कार्य गर्ने,

(ज) निर्देशक समितिले तोके बमोजिमको अन्य कार्य गर्ने।

परिच्छेद -५

<u>बजेट तथा लेखा व्यवस्थापन</u>

११. <u>बजेट व्यवस्था</u>: (१) यस कार्यविधि बमोजिम छनौट भएका आयोजनाको लागि नेपाल सरकारले देहाय बमोजिम बजेट उपलब्ध गराउन सक्नेछ:-

(क) गाउँपालिकाको लागि सम्झौता रकमको बढीमा साठी प्रतिशतसम्म,

(ख) नगरपालिकाको लागि सम्झौता रकमको बढीमा पचास प्रतिशतसम्म,

(ग) उपमहानगरपालिकाको लागि सम्झौता रकमको बढीमा चालीस प्रतिशतसम्म।

तर सम्झौता रकम जतिसुकै भएता पनि गाउँपालिकाको हकमा नौ करोड, नगरपालिकाको हकमा बाह्र करोड र उपमहानगरपालिकाको हकमा पन्ध्र करोड रुपैयाँ सम्मको मात्र उल्लिखित प्रतिशत नेपाल सरकारले उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले व्यहोर्ने लागत सहभागिताको रकम सालबसाली सशर्त अनुदानको रुपमा स्थानीय तहको सञ्चित कोषमा उपलब्ध गराउनेछ।

(३) नेपाल सरकार वा प्रदेश सरकार वा अन्य निकायबाट अनुदान प्राप्त गरी कार्यान्वयनमा रहेका आयोजनाको लागि उपदफा (१) बमोजिमको सीमाभित्र रही त्यस्तो अनुदानको रकमबाट नपुग हुने रकम मात्र यस कार्यक्रमबाट उपलब्ध गराउन सकिनेछ।

(४) उपदफा (२) र (३) बमोजिम रकम उपलब्ध गराउँदा आयोजनाको भौतिक तथा वित्तीय प्रगतिलाई आधार मानिनेछ।

मणिचन्द्र ...पन्त
महानिर्देशक

(५) स्थानीय तहले आफूले व्यहोर्नु पर्ने लागत सहभागिताको रकम सालबसाली रुपमा विनियोजन गर्नु पर्नेछ।

१२. <u>खर्च लेखाङ्कन र लेखापरीक्षण</u>: (१) यस कार्यविधि बमोजिम हुने खर्चको लेखा नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ।

(२) खर्चको आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

(३) आयोजनाको रकम भुक्तानी गर्दा स्थानीय तहले दफा ११ को उपदफा (१) बमोजिमको लागत सहभागिताको अनुपातमा गर्नु पर्नेछ।

(४) नेपाल सरकारबाट उपलब्ध गराइएको अनुदान रकममध्ये आर्थिक वर्षको अन्त्यसम्म खर्च नभई बाँकी रहन गएको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ।

(५) आयोजनाको प्रभावकारिता वृद्धि गर्न स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्नु पर्नेछ।

परिच्छेद -६

विविध

१३. <u>प्रगति प्रतिवेदन</u>: (१) स्थानीय तहले आयोजना कार्यान्वयनको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन अनुसूची-४ बमोजिमको ढाँचामा त्रैमासिक रुपमा विभागमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन कार्यक्रमको इमेल ठेगाना doli.laidp@gmail.com मा समेत पठाउनु पर्नेछ।

१४. <u>भवनको नमूना</u>: यस कार्यविधि बमोजिम निर्माण गरिने स्थानीय तहको प्रशासकीय भवनको नमूना नक्सा अनुसूची-५ बमोजिम हुनेछ।

१५. <u>सहमति लिने</u>: यस कार्यविधि अन्तर्गत थप आर्थिक दायित्व सिर्जना हुने विषयमा नेपाल सरकार अर्थ मन्त्रालयको सहमति लिइनेछ।

१६. <u>बाधा अड्काउ फुकाउ</u>: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

१७. <u>प्रचलित कानून बमोजिम हुने</u>: यस कार्यविधिमा लेखिएका कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम हुनेछ।

१८. <u>खारेजी र बचाउ</u>: (१) "स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" खारेज गरिएको छ।

(२) स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बमोजिम भए गरेको काम यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

२०८१/०८/११

[illegible] ढोपाने
महानिर्देशक

अनुसूची -१
(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

आयोजनाको माग फाराम

मितिः..............................

श्री स्थानीय पूर्वाधार विकास विभाग,
श्रीमहल, पुल्चोक, ललितपुर।

विषयः स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमका लागि आयोजनाको माग फाराम पेश गरेको सम्बन्धमा।

यस..................................गाउँपालिका/नगरपालिका/उपमहानगरपालिकाको मिति ....को बैठकको बुँदा नं. ...... को निर्णयबाट स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को अधीनमा रही प्रशासकीय भवन निर्माण गर्न मन्जुर रहेकोले आयोजनाको माग फाराम पेश गरेको छु। अतः तपसिल बमोजिमको आवश्यक प्रमाण सहितको विवरण यसै पत्रसाथ पेश गरेको छु। साथै खरिद सम्बन्धी सम्पूर्ण कार्य कार्यक्रम समन्वय एकाइको प्राविधिक सहयोग, सहजीकरण र समन्वयमा गर्ने तथा तोकिएको मितिमा आयोजना सम्पन्न गर्ने प्रतिवद्धता समेत जनाउँछु।

तपसिलः

क. अनिवार्य शर्तहरु

१. गाउँपालिका/नगरपालिका/उपमहानगरपालिकाको वडा नं........मा अवस्थित जग्गाको ट्रेस नक्सा र भोगाधिकारको प्रमाण।
२. उपलब्ध जग्गाको क्षेत्रफल........................ रोपनी/कट्ठा/वर्गमिटर।
३. स्थानीय तहबाट लागत सहभागिता व्यहोरिने प्रतिवद्धता सहितको कार्यपालिकाको निर्णय।
४. माटो परिक्षण सहितको विस्तृत आयोजना प्रतिवेदन।

ख. अन्य विवरण

१. भवन निर्माण गरिने जग्गामा विपद जोखिमको अवस्थाः
२. पहुँचको अवस्थाः
३. वर्तमानमा सेवा प्रवाह भैरहेको भवनको अवस्थाः
४. प्रशासनिक कार्य सञ्चालन गर्न भाडामा भवनको उपलब्धताः
५. वार्षिक आन्तरिक आय रु. ....
६. आफ्नै स्वामित्वमा भवन छ भने के कारणले नयाँ भवन आवश्यक भएको हो, कारण खुलाउनुपर्ने।

....
(प्रमुख प्रशासकीय अधिकृत)

नरेशचन्द्र न्यौपाने
महानिर्देशक

अनुसूची -२

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

स्थानीय तहको प्रशासकीय भवन निर्माणको लागि आवश्यक जग्गाको मापदण्ड

१. गाँउपालिका तथा नगरपालिकाको केन्द्रको लागि:

(क) क्षेत्रफल:

केन्द्र रहने स्थानबाट सेवा प्रदान गर्ने मुख्य-मुख्य कार्यालयहरु समेतको भवन निर्माणका लागि आफ्नै स्वामित्वमा रहेको वा सार्वजनिक वा अधिग्रहण गर्न सकिने जमिनको उपलब्धता हुनु पर्नेछ। जमिनको क्षेत्रफल निर्धारण गर्दा सरकारी भवनका लागि आवश्यक क्षेत्र, पार्किङ क्षेत्र, खुला क्षेत्र, पहुँच सडक, आफुले सेवा दिनुपर्ने जनसङ्ख्या, भविष्यमा आवश्यक पर्न सक्ने पूर्वाधार विस्तारको सम्भावना लगायतका पक्षहरु समेतलाई मध्यनजर राखी कम्तीमा निम्नानुसार क्षेत्रफल भएको जमिन उपलब्ध भएको हुनु पर्नेछ:

१. उपमहानगरपालिका र नगरपालिकाको लागि कम्तीमा ८ रोपनी र

२. गाँउपालिकाको लागि कम्तीमा ६ रोपनी।

यस बमोजिम क्षेत्रफल भएको जमिन एकै कित्ताबाट एकै क्षेत्रमा एकमुष्ठ उपलब्ध हुन नसकेमा अधिकतम सय मिटर दूरीभित्रको अर्को एक क्षेत्रबाट समेत मिलाई जग्गाको क्षेत्रफल निर्धारण गर्न सकिने।

(ख) पहुँच

१. केन्द्रले प्रदान गर्ने सेवा सुविधामा कम्तीमा साठी प्रतिशत जनताको सहज पहुँच हुने गरी अधिकतम पायक पर्ने।

(ग) भौतिक पूर्वाधार

१. स्थानीय पूर्वाधार (खानेपानी, सञ्चार, विद्युतजस्ता पूर्वाधार) को उपलब्ध भएको वा कम खर्चमा उपलब्ध हुन सक्ने स्थान,

२. प्रदेश सरकारसँगको आवामनमा सहज हुने स्थान,

३. नेपाल सरकारले भौतिक पूर्वाधारमा गरेको लगानीको सदुपयोग हुने स्थान,

४. खेतीयोग्य जग्गाको प्रयोग नगरी वैकल्पिक जग्गा प्रयोग गर्न सकिने स्थान,

५. प्राकृतिक विपद्को जोखिम कम भएको र कम भिरालो जग्गा, र

६. मुख्य बजार केन्द्र भन्दा केहि परको दूरीमा रहेको स्थान।

(घ) अन्य

१. ऐतिहासिक, सामाजिक र साँस्कृतिक हिसाबले मौलिकता भएको स्थान,

२. सुरक्षाको दृष्टिले उपयुक्त, सुरक्षित तथा रणनैतिक रुपमा महत्वपूर्ण स्थान,

३. राजनीतिक तथा सामाजिक रुपमा सर्वस्वीकार्य हुनसक्ने स्थान।

स्रोतः गाउँपालिका तथा नगरपालिकाको केन्द्र निर्धारण सम्बन्धी मापदण्ड, २०७५

महानिर्देशक

अनुसूची - ३

(दफा १० को उपदफा (१) संग सम्बन्धित)

१. एकाइ प्रमुख, सिनियर डिभिजनल इन्जिनियर (सिभिल, जनरल - रा.प.द्वितीय) - १ जना

२. इन्जिनियर (सिभिल, जनरल - रा.प. तृतीय) -१ जना

३. कम्प्यूटर अपरेटर -१ जना

४. हलुका सवारी चालक -१ जना

५. कार्यालय सहयोगी -१ जना

नोटः क्रम सङ्ख्या १ र २ को पदमा विभागको जनशक्तिलाई अतिरिक्त जिम्मेवारी प्रदान गर्ने गरी।

महेशचन्द्र न्यौपाने
महानिर्देशक

अनुसूची -४

(दफा १३ का उपदफा (१) सँग सम्बन्धित)

भौतिक तथा वित्तीय प्रगतिको ढाँचा

स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको प्रगति विवरण

१. ब.उ.शी.नः ३४७०२१०७
२. स्थानीय तहको नामः-
३. स्थानीय तहको कोडः-
४. जिल्लाः-
५. प्रशासकीय भवन निर्माण कार्यको स्वीकृत लागत अनुमान (रु.):-
६. प्रशासकीय भवन निर्माणको हालसम्मको प्रगतिः-
७. शुरु सम्झौता मितिः-
८. सम्झौता रकम (रु.):-
९. सम्पन्न हुनुपर्ने मितिः-
१०. निर्माण व्यवसायीको नाम, ठेगानाः-
११. म्याद थप सहित सम्पन्न हुने मितिः-
१२. भेरीएसन भएको भए सो सहितको सम्झौता रकम (रु.):-
१३. प्रशासकीय भवन निर्माणको लागि हालसम्म विनियोजित रकम र खर्च विवरण (श्रोतका आधारमा):-

क.सं.	आ.व.	रा.यो.आ. बाट (रु.)		प्रदेश सरकार बाट (रु.)		जि.स.स. बाट (रु.)		संघ सरकार (स्थानीय पूर्वाधार विकास विभाग) (रु.)		स्थानीय तह बाट (रु.)		कुल जम्मा (रु.)	
		विनियोजित	खर्च	विनियोजित	खर्च	विनियोजित	खर्च	विनियोजित	खर्च	विनियोजित	खर्च	विनियोजित	खर्च
१	२०७६।७७												
२	२०७७।७८												
३	२०७८।७९												
४	२०७९।८०												
५	२०८०।८१												
६	२०८१।८२												
७	२०८२।८३												
	जम्मा												

१४. हाल सम्मको कुल खर्च रकम (रु.):-
१५. हाल सम्मको कुल वित्तीय प्रगति (प्रतिशत):-
१६. हाल सम्मको कुल भौतिक प्रगति (प्रतिशत):-
१७. आ.व २०८२।०८३ मा खर्च हुने कुल वजेट (रु.):-
१८. आ.व २०८२।०८३ मा खर्च हुने मध्ये संघबाट आवश्यक पर्ने वजेट (रु.):-
१९. आ.व २०८२।०८३ मा सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न हुने/नहुनेः-
२०. कैफियत (अन्य कुनै विवरण खुलाउनुपर्ने भएमा):-

महेशचन्द्र न्यौपाने
महानिर्देशक

नोट:-

१. स्थानीय तहको प्रशासकीय भवन निर्माण कार्यको हालसम्मको प्रगति (जग्गा प्राप्ति/डिपिआर तयारी/Partial Tendering/ ठेक्का आव्हान भइसकेको/ ठेक्का सम्झौता भएको/ निर्माणाधीन/निर्माण सम्पन्न) अनिवार्य रुपमा उल्लेख गर्नुहुन।

२. आंशिक ठेक्का (Partial Tendering) आव्हान गरेका स्थानीय तहहरुले अनिवार्य रुपमा हालसम्म लगाइएका ठेक्काहरुको विवरण (सम्झौता रकम, बजेट श्रोत, खर्च विवरण लगायत) अनिवार्य रुपमा उल्लेख गर्नुहुन।

३. निर्माणाधीन रहेका आयोजनाहरुको हकमा, निर्माणाधीन भवनको हालसालै खिचिएका फोटोहरु अनिवार्य रुपमा संलग्न गर्नुहुन।

४. फोरममा उल्लिखित सम्पूर्ण विवरण पछिसम्म फरक नपर्ने गरी भर्नुहुन।

फाराम भर्ने निर्देशिका:

क.सं. १ बजेट उपशीर्षक नम्बर उल्लेख गर्ने।

क.सं. २ मा सम्बन्धित स्थानीय तहको नाम उल्लेख गर्ने।

क.सं. ३ मा स्थानीय तहको कोड (८०१.....) उल्लेख गर्ने।

क.सं. ४ मा स्थानीय तह रहेको जिल्ला उल्लेख गर्ने।

क.सं. ५ मा प्रशासकीय भवन निर्माणका लागि स्वीकृत मू.अ.कर सहितको लागत अनुमान उल्लेख गर्ने।

क.सं. ७ मा शुरु सम्झौता मिति उल्लेख गर्ने।

क.सं. ८ मा शुरुको सम्झौता रकम (मू.अ.कर सहितको) उल्लेख गर्ने।

क.सं. ९ मा शुरु सम्झौता अनुसारको कार्य सम्पन्न हुनुपर्ने मिति उल्लेख गर्ने।

क.सं. १० मा ठेक्का प्राप्त गर्ने निर्माण व्यवसायीको नाम र ठेगाना उल्लेख गर्ने।

क.सं. ११ मा म्याद थप भएको भए सो अनुसार निर्माण सम्पन्न हुने मिति उल्लेख गर्ने।

क.सं. १२ मा भेरिएसन आदेश जारी भएको भए सो समेतको मू.अ.कर सहितको सम्झौता रकम उल्लेख गर्ने।

क.सं. १३मा प्रशासकीय भवन निर्माणको लागि विभिन्न आ.व.मा विनियोजित बजेट र खर्च श्रोतगत रुपमा उल्लेख गर्ने।

क.सं. १४ मा सम्बन्धित स्थानीय तहको मुख्य प्रशासकीय भवन निर्माणको हालसम्मको खर्च उल्लेख गर्ने।

क.सं. १५ मा सम्बन्धित स्थानीय तहको मुख्य प्रशासकीय भवन निर्माणको हालसम्मको वित्तीय प्रगति (प्रतिशतमा) उल्लेख गर्ने।

क.सं. १६ मा सम्बन्धित स्थानीय तहको मुख्य प्रशासकीय भवन निर्माणको हालसम्मको भौतिक प्रगति (प्रतिशतमा) उल्लेख गर्ने।

क.सं. १७ मा आ.व २०८२।८३ मा खर्च हुने कुल बजेट (अनुमानित खर्च) उल्लेख गर्ने।

क.सं. १८ मा आ.व २०८२।८३ मा खर्च हुने रकममध्ये संघ (स्थानीय पूर्वाधार विकास विभाग) बाट विनियोजन हुन पर्ने बजेट उल्लेख गर्ने।

क.सं. १९ मा आ.व २०८२।८३ मा सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न हुने वा नहुने उल्लेख गर्ने (हुने वा नहुने भनेर लेख्ने)।

महेशचन्द्र न्यौपाने
महानिर्देशक

अनुसूची -५

(दफा १४ सँग सम्बन्धित)

स्थानीय तहका लागि मन्त्रालयबाट स्वीकृत प्रशासकीय भवनको नमूना



FRONT ELEVATION

महानिर्देशक





SITE PLAN

LAND AREA: 73444.00 Sq. ft. (13-13-0-0 approximately)
BUILDING AREA: 12795.00 Sq.ft. (2-5-3-0 approximately)

[illegible]चन्द्र न्यौपाने
महानिर्देशक

CamScanner



FRONT ELEVATION

महानिर्देशक



FIRST FLOOR PLAN

महेशचन्द्र न्यौपाने
महानिर्देशक



SITE PLAN

LAND AREA: [illegible]

BUILDING AREA: [illegible]

महेशचन्द्र न्यौपाने
महानिर्देशक

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी पूर्वाधार विकास विभाग
श्रीमहल पुल्चोक, ललितपुर



महानिदेशक



SECOND FLOOR PLAN

महानिर्देशक